कोटहीमाई गाउँपालिका
Kotahimai Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
मझगाँवा, रुपन्देही
Majhgawa, Rupandehi

फोन नं ०७१-४०१०२४
Ph No: 071-401024
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email+ Kotahimaimun@gmail.com


प.सं./Ref No.०८१/०८२
च.नं./Dispatch No.

# सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१।१२।१३

प्रस्तुत विषयमा यस कोटहीमाई गाउपालिका मझगावा रुपन्देहीका लागि तपशिलका पद र तहका कर्मचारी आवश्यक परेको हुदा आ.व. २०८१।०८२ का लागि देहायका पदमा खुल्ला प्रतिस्पर्धाबाट कर्मचारीहरु सेवा करारमा लिई काममा लगाउनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका कागजात र राजस्व तिरेका रसिद सहित यस कार्यालयमा आवेदन फारम पेश गर्न आव्हान गरिन्छ ।

तपशिल

| क्र.स | विज्ञापन न. | पद | तह /श्रेणी | माँग संख्या |
|---|---|---|---|---|
| १ | ४/२०८१/०८२ | रोजगार सहायक | पाचौ | १ |
| २ | ५/२०८१/०८२ | अ.हे.व | सहायक चौथो | ५ |
| ३ | ६/२०८१/०८२ | फिल्ड सहायक | सहायक स्तर चौथो | १ |
| ४ | ७/२०८१/०८२ | अ.सब.इन्जिनियर | सहायक स्तर चौथो | ३ |
| ५ | ८/२०८१/०८२ | सहायक कम्प्युटर अपरेटर | सहायक स्तर चौथो | २ |
| ६ | ९/२०८१/०८२ | सामाजिक परिचालक | | २ |

१. न्यूनतम शैक्षिक योग्यताः

**(क) रोजगार सहायक पदको हकमाः**

- नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको
- रजिष्टर्ड संस्थाबाट आधारभूत कम्प्युटर सीप सम्वन्धी कम्तीमा ६ महिना तालिम लिइएको हुनु पर्ने

**(ख) अ.हे.व को हकमा**

- नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट सि.एम.ए कोर्ष उत्तीर्ण गरेको ।
- नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको हुनुपर्ने ।

**(ग) फिल्ड सहायक पदको हकमाः**

- नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी वा सो सरह उत्तीर्ण गरेको ।
- रजिष्टर्ड संस्थाबाट आधारभूत कम्प्युटर सीप सम्वन्धी कम्तीमा ६ महिना तालिम लिइएको हुनु पर्ने

**(घ) अ.सब. इन्जिनियरको हकमा**

- नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा टि.एस.एल.सी वा सो सरह उत्तीर्ण गरेको ।

**(ङ) सहायक कम्प्युटर अपरेटरको हकमाः**

- नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस.एल.सी/एस.ई.ई वा सो सरह उत्तीर्ण गरेको
- रजिष्टर्ड संस्थाबाट आधारभूत कम्प्युटर सीप सम्वन्धी कम्तीमा ६ महिना तालिम लिइएको हुनु पर्ने

दिनेश कुमार गोडबोले
प्रमुख प्रशासकीय अधिकृत

कोटहीमाई गाउँपालिका

Kotahimai Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

Office of the Rural Municipal Executive

मझगावाँ, रुपन्देही

Majhgawa, Rupandehi

फोन नं ०७१-४०१०२४

Ph No: 071-401024

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

Email: Kotahimaimun@gmail.com


प.सं./Ref No. ०८१/०८२

च.नं./Dispatch No.

---

(च) सामाजिक परिचालक हकमा:

- नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई वा सो सरह उत्तीर्ण गरेको ।
- सामाजिक परिचालन क्षेत्रमा कम्तीमा १ वर्ष काम गरेको अनुभव हुनु पर्ने ।

२. सबै उम्मेदवारको हकमा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको हुनुपर्ने ।

३. छनौट प्रक्रिया:

- प्रारम्भिक योग्यताक्रमको सूची (Short List)
- (क) (ग) र (ङ) को हकमा लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता र बाँकीको हकमा अन्तरवार्ता मात्र हुनेछ । (उम्मेदवारको छनौट तथा सिफारिस गा.पाको कार्यविधि बमोजिम हुनेछ)

४. आवेदन दिनु पर्ने अन्तिम मिति: २०८१ चैत्र २७ गते सम्म (कार्यालय समय भित्र) सो दिन सार्वजनिक बिदा परेमा उक्त दिनको भोली पल्ट सम्म रहने छ ।

५. आवेदन बुझाउने स्थान: कोटहीमाई गाउँपालिकाको कार्यालय मझगावाँ रुपन्देही ।

६. परीक्षा दस्तुर: पाँचौ तहको हकमा रु. १०००। (एक हजार मात्र) र चौथो तथा अन्यका लागि रु.७०० (सात सय) हुने छ ।

७. आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी, आफुले प्राप्त गरेको तालिम र अनुभव प्रमाणपत्रहरुको प्रतिलिपी तथा अन्य आवश्यक कागजातहरु (विदेशी बोर्डबाट उत्तीर्ण गरेको हकमा निर्धारण गरेको समकक्षता प्रमाणपत्रको प्रतिलिपी)

८. उमेरको हद: १८ वर्ष पुरा गरी ३५ वर्ष (पुरुष) र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्ने ।

नोट: रोजगार सहायक पदका लागि स्थानीय रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ र फिल्ड सहायक पदका लागि सेवा ईकाइका लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ तथा सामाजिक परिचालक पदका लागि गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका (तेस्रो संशोधन) २०८६ बमोजिम हुने छ। अन्य जानकारीको लागि गाउँपालिकाको Website www.kotahimaimun.gov.np हेर्न सकिने छ।

दिनेश कुमार गौड(कहार)

प्रमुख प्रशासकीय अधिकृत